# परिच्छेद -एक
# न्यायमा पहुँच आयोगको परिचय

न्याय त्यहाँ रहन्छ, जहाँ नागरिकका हक अधिकारहरू सुरक्षित रहन्छन् र न्यायिक उपचारका प्रक्रियाहरू छिटो छरितो, सरल, सर्वसुलभ, समयमा प्राप्य र प्रभावकारी हुन्छन्। न्यायमा सहज पहुँच कायम गर्नु कानूनको शासनको महत्वपूर्ण शर्त हो। नेपालको संविधानले सबै प्रकारका भेदभाव र जातीय छुवाछूतको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता र कानुनी राज्यको अवधारणाप्रति प्रतिबद्धता जनाएको छ। संविधानमा मौलिक हकहरु अन्तर्गत व्यक्तिका आधारभूत मौलिक अधिकारहरुको संरक्षण गरिएको छ। संविधानले न्यायसम्बन्धी अधिकार संविधान, कानून र न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग हुने व्यवस्था गरेको छ।कुनै पनि व्यक्ति बा नगरिक वा वर्गको हक अधिकारको व्यवस्था संविधानले एवं अन्य कानूनले गरेको हुन्छ। संविधानले प्रदान गरेका हकलाई कानूनी हक भन्ने गरिन्छ। व्यक्ति वा नागरिक वा वर्गलाई हक अधिकार प्रदान गरेर मात्रै पुग्दैन।यस्तो हक अधिकारको उल्लङ्घन भएमा पुनरस्थापना एवं प्रचलनको लागि उपचारको समेत व्यवस्था हुनु पर्दछ। अधिकार उल्लङ्घन भएमा प्रचलनको लागि जानु पर्ने अदालत वा निकाय वा कार्यालय, सोको तरिका, उजुरी गर्ने समयाविधि, अवलम्बन गर्नु पर्ने कार्यविधिसमेतको व्यवस्था कानूनमा गरिएको हुन्छ। तथापी न्यायप्रदायक निकायहरूबाट प्रदान हुने सेवा उपभोग गर्ने क्षमता सबै व्यक्तिमा समान छैन। यसैले खासगरी महिला, विपन्न, असहाय तथा असक्षम वर्गका व्यक्तिहरू न्यायको पहुँचबाट टाढा रहेका छन्। ती वर्गहरूको न्यायमा पहुँचलाई विशेष रूपमा सम्बोधन गर्नु राज्यको जिम्मेवारी हुन्छ। न्यायमा पहुँच भनेको पनि स्वतन्त्र, निष्पक्ष र सक्षम न्याय प्रशासनको माध्यमबाट ती वर्गको वैयक्तिक स्वतन्त्रता वा अधिकारको पुनर्स्थापना गर्ने विधि, सामर्थ्य र अवसर हो।

न्यायपालिकाले संविधान, कानून र न्यायका मान्य सिद्धान्तप्रति प्रतिबद्ध रही प्रभावकारी, पहुँचयुक्त र जनआस्थामा आधारित न्यायप्रणालीको विकास गर्ने दिशातर्फ आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्दै आएको छ। यसै सन्दर्भमा महिला, विपन्न, असहाय, असक्षम

जस्ता सबै लक्षित वर्गका व्यक्तिको न्यायमा सरल र सहज पहुँच अभिवृद्धि गर्ने दायित्व महसुस गरी विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न सर्वप्रथम सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १३ बमोजिम सम्माननीय प्रधान न्यायाधीशज्यूको अध्यक्षतामा मिति २०७२।४।१० मा न्यायमा पहुँच आयोग गठन गरिएको थियो। हाल सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १२० बमोजिम न्यायमा पहुँच आयोग गठन भएको र सो आयोगको संरचना तथा पदाधिकारीहरुको नामावली देहाय बमोजिम रहेको छः-

माननीय श्री ---------------------------- सर्वोच्च अदालत - अध्यक्ष

माननीय श्री कुमार रेग्मी न्यायाधीश, सर्वोच्च अदालत - सदस्य

माननीय श्री खम्म बहादुर खाती ,महान्यायाधिवक्ता - सदस्य

माननीय श्री नृपध्वज निरौला, मुख्य न्यायाधीश, उच्च अदालत पाटन - सदस्य

श्री लाल बहादुर कुंवर, मुख्य रजिष्ट्रार सर्वोच्च अदालत - सदस्य

श्री उदयराज सापकोटा, सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

श्री चण्डेश्वर श्रेष्ठ, अध्यक्ष, नेपाल बार एशोशियसन - सदस्य

माननीय श्री राजुकुमार खतिवडा, न्यायाधीश, काठमाडौं जिल्ला अदालत - सदस्य

श्री पूर्णमान शाक्य, अध्यक्ष, सर्वोच्च अदालत बार एशोशियसन - सदस्य

श्री निर्मला पौडेल , रजिष्ट्रार ,सर्वोच्च अदालत - सदस्य सचिव

न्यायमा पहुँच आयोगको कार्यदिश देहाय बमोजिम रहेका छनः-

१.महिला, विपन्न, असहाय र असक्षम बर्गका व्यक्तिहरूलाई समाजको समान सदस्यको रुपमा तिनीहरूलाई प्राप्त हक अधिकारबारे सचेतना कार्यक्रम संचालन गर्ने।

२.कानूनी हक अधिकारहरूको उपभोग गर्ने र न्यायिक उपचार संयन्त्रहरूको प्रयोग गर्ने क्षमता अभिवृद्धिका लागि रणनीतिगत योजना तय गरी कार्यान्वयन गर्ने।

३.न्यायमा पहुँच सुनिश्चितताका लागि प्रभावकारी सहयोग प्रणाली Support System को विकास गर्ने।

४.न्यायको पहुँचमा रहेका अवरोधक तत्वहरू पहिचान गरी सोको न्यूनिकरणको लागि आवश्यक उपायहरू अवलम्बन गर्ने, गराउने।

५.महिला, विपन्न, असहाय र असक्षम वर्गका व्यक्तिहरूको कानूनी आवश्यकताहरूको पहिचान गरी न्यायमा पहुँचअभिवृद्धिका लागि चाल्नुपर्ने नीतिगत परिवर्तनका सम्बन्धमा सुझाव दिने।

६.न्यायमा पहुँच अभिवृद्धि गर्ने सिलसिलामा कार्यरत विभिन्न संघ संस्थाहरूसंग समन्वय गर्ने।

## परिच्छेद - दुई
## न्यायमा पहुँच सम्बन्धी योजना तथा बार्षिक कार्ययोजना

### २.१. न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना

रणनीतिक योजनाले लिएको योजनाले ५ वटा लक्ष्यहरु जसमध्ये न्यायमा पहुँच अभिवृद्धि दोस्रो प्राथमिकताक्रमको महत्वपूर्ण लक्ष्यको रुपमा रहेको छ। योजनाले न्यायमा पहुँच अभिवृद्धि गर्न देहायका रणनीतिक उद्देश्यहरु लिएको छः-

- अदालतको कार्यक्षेत्रभित्रका न्यायमा पहुँचका अवरोधहरूको संवोधन गर्ने,
- अदालतबाट प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने,
- कानूनी सहायतालाई प्रभावकारी बनाउने,
- न्यायिक प्रक्रिया र प्रणालीबारे सूचना प्रवाह गर्ने,
- पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण गर्ने।

### २.२. न्यायमा पहुँच आयोगको आ.ब. २०७७/०७८ को वार्षिक कार्ययोजना

न्यायमा पहुँच आयोगको आ.ब. २०७७/०७८ को वार्षिक कार्ययोजनामा बिस्तृतरुपमा समावेश भएकोमा त्यसको लक्ष्य तथा मुख्य कार्यक्रमहरु देहाय बमोजिम रहेका छनः-

लक्ष्य १: न्यायमा पहुँचका अवरोधकहरुको सम्बोधन गर्नु ।

कार्यक्रम १.१ अबरोधक तत्वहरुको पहिचान र सम्बोधन गर्ने ।

लक्ष्य २: लक्षित व्यक्तिहरुको न्यायमा पहुँच अभिबृद्धि एबं सशक्तिकरण।

कार्यक्रम २.१: अदालतबाट प्रवाह हुने सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनु ।

कार्यक्रम २.२ सचेतनामुलक सामाग्रीहरुको प्रकाशन , प्रसारण , बितरण गर्ने ।

कार्यक्रम २.३ क्षमता अभिबृद्धि तथा सशक्तिकरण गर्ने ।

कार्यक्रम २.४ न्यायमा पहुँच अभिबृद्धिका सम्बन्धमा बिभिन्न निकायहरु संग समन्वय तथा सहजिकरण गर्ने ।

लक्ष्य ३: न्यायमा पहुँच सुनिश्चित गर्न प्रभावकारी सहयोग प्रणाली (Support System) को विकास गर्ने ।

कार्यक्रम ३.१: कानूनी सहायतालाई प्रभाबकारी बनाउनु ।

कार्यक्रम ३.२ सेवाग्राहीमैत्री वातावरण प्रवर्द्धन गर्ने ।

कार्यक्रम ३.३ न्यायिक प्रकृया र प्रणालीबारे सूचना प्रवाह गर्ने ।

लक्ष्य ४:पीडितमैत्री न्याय प्रणालीको सुदृडीकरण गर्नु ।

## परिच्छेद - तीन

## आ.ब. २०७७/०७८ मा न्यायमा पहुँच आयोगका गतिविधिहरु

### ३.१ पृष्ठभूमि

न्यायमा पहुँच आयोगले स्थापनाकालदेखि नै आफ्नो वार्षिक कार्ययोजना बनाई लागू गर्दै आइरहेको छ। आयोगले यसबीचमा न्यायिक सचेतना सम्बन्धी कार्यक्रम सञ्चालन, सरोकारवाला निकायहरूसँगको सहयोग र समन्वयमा, न्यायमा पहुँच स्थापित गर्न बाधक रहेका विषयहरूको पहिचान, कानूनी व्यवस्था सुधार र परिमार्जनको लागि सुझाव, निःशुल्क कानूनी सेवाको विस्तार, जानकारीमूलक कार्यक्रम/सूचना उत्पादन र प्रशारण, न्यायमा पहुँच स्थापना गर्न आवश्यक देखिएका अन्य विषयहरूको अध्ययन अनुसन्धान, अनुगमन, प्रशिक्षण, कार्यशाला, गोष्ठी सञ्चालन जस्ता कार्यक्रमहरु गरेको छ।

न्यायपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन सर्वोच्च अदालतले चौथो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी लागु गरेको सन्दर्भमा न्यायमा पहुँच आयोगको कार्ययोजनाले न्यायपालिकाको लक्ष्य प्राप्तिमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुग्ने आशा एवं विश्वास राखिएको छ। सोही उद्धेश्यले आयोगले पनि आफ्नो काम कारबाहीलाई सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सम्पन्न गर्न आ.ब. २०७७/०७८ को वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गरेको छ। यो कार्ययोजना कार्यान्वयनको क्रममा आयोगबाट सम्पन्न गरिएका गतिविधि एवं क्रियाकलापहरु र हासिल भएका उपलब्धिहरुलाई देहायबमोजिम उल्लेख गरिएको छः-

### ३.२ आ.ब. २०७७/२०७८ मा आयोगबाट भएका गतिबिधिहरु

#### १. आयोगको बैठक सम्पन्न

सम्बत् २०७७ साल पौष २ गते सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा न्यायमा पहुँच आयोगका सदस्य श्री कुमार रेग्मी.को अध्यक्षतामा आयोगका सदस्य तथा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला , आयोगका सदस्य सचिव तथा रजिष्ट्रार श्री नारायण प्रसाद पन्थी , सह-रजिष्ट्रार श्री ममता खनाल समेतको उपस्थितिमा सर्वोच्च अदालत, न्यायमा पहुँच आयोगको बैठक सम्पन्न भएको थियो ।

## २.अर्को बैठक सम्पन्न

सम्बत् २०७७ साल फाल्गुण ६ गते सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार तथा न्यायमा पहुँच आयोगका सदस्य श्री लाल बहादुर कुंवरको अध्यक्षतामा, आयोगका सदस्य सचिव तथा रजिष्ट्रार श्री नारायण प्रसाद पन्थी , सर्वोच्च अदालतका रजिष्ट्रार श्री निर्मला पौडेल , सह-रजिष्ट्रार श्री ममता खनाल समेतको उपस्थितिमा सर्वोच्च अदालत, न्यायमा पहुँच आयोगको बैठक सम्पन्न भएको थियो ।

## ३. अध्ययन अनुसन्धान सम्बन्धी कार्य

सर्वोच्च अदालतको चौथो रणनीतिक योजना अन्तर्गत विभिन्न लक्ष्यहरु तय गरिएकोमा न्यायमा पहुँच अभिवृद्धि पनि एक हो । जस अन्तर्गत विभिन्न रणनीतिक उद्देश्य मध्ये पीडितमैत्री न्याय प्रणालीको सुदृढीकरण गर्नु रहेको थियो । जसलाई मुर्त रुप प्रदान गर्ने उद्देश्यका साथ पीडितको न्यायमा पहुँच अभिबृद्धिका लागि कानूनी तथा अदालति प्रयासलाई समेटेर सर्वोच्च अदालतका तत्कालिन सह-रजिष्ट्रार (हाल रजिष्ट्रार ) श्री निर्मला पौडेलको संयोजकत्वमा यस आयोगको समेत प्रतिनिधित्व हुने गरी एक अध्ययन समिति गठन भएको थियो। सो समितिले पीडितको न्यायमा पहुँचका लागि कानूनी ब्यबस्था तथा १० बर्षको अदालति प्रयासलाई समेत समेटेर अध्ययन गरी सुझाव सहितको प्रतिवेदन सर्वोच्च अदालत ,अनुसन्धान महाशाखामा बुझाएको छ। सो प्रतिवेदनबाट प्राप्त सुझावलाई समयानुकुल बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन सकेमा पीडितमैत्री न्याय प्रणालीको सुनिश्चितता हुने देखिन्छ।

## ४. जानकारीमुलक पुस्तिकाहरू (leaflets) को प्रकाशन

न्यायमा पहुँच आयोगले बिगत आर्थिक वर्षमा प्रकाशन गरेका देहाय बमोजिमका जानकारीमुलक पुस्तिकाहरु (LEAFLETS) को संख्या कम भएका कारण पर्याप्त रुपमा वितरण गर्न नसकिएकोले थप संख्या प्रकाशन गर्ने कार्यक्रम वार्षिक कार्ययोजनामा रहेको र त्यसको निम्ति आयोगलाई छुट्याइएको बजेटबाट (थप ६०,१०० प्रति) जानकारीमुलक पुस्तिकाहरू छपाई गरी प्रकाशन गरिएको छ ।




## ५. जानकारीमूलक पुस्तिकाहरुको वितरण

आयोगबाट चालु आ.व.मा लक्षित वर्गका व्यक्तिहरुका कानूनी अधिकारहरू समावेश गरी बिभिन्न १० विषयमा संशोधित संहिता कानून समेत समावेश गरी तयार पारिएका जानकारीमुलक पुस्तिकाहरू (leaflets) लाई व्यवस्थित रुपमा वितरण गर्ने उद्देश्य राखि ७ वटै प्रदेशका ७५३ स्थानीय तह तथा ७४ वटा कारागार कार्यालयहरुमा वितरण गरी सकिएको छ। सो जानकारी पुस्तिकाले लक्षित वर्गको सचेतनाका लागि हक अधिकारको बारेमा सुसूचित गर्ने र न्यायमा पहुँच अभिबृद्धिमा सहयोगीसिद्ध हुने अपेक्षा राखिएको छ ।

## ६. जानकारीमुलक पुस्तिका स्थानीय भाषा र ब्रेल लिपीमा प्रकाशन

जानकारीमुलक पुस्तिका स्थानीय भाषा र ब्रेल लिपीमा प्रकाशन गर्न समन्वय गर्ने भन्ने कार्यक्रमको सम्बन्धमा कानून मन्त्रालयसँगको समन्वय र सहयोगमा ब्रेललिपीको जानकारीमुलक पुस्तिका प्रकाशन भै लक्षित बर्गमा केही प्रति बितरण समेत भैसकेको अवस्था छ । जानकारीमुलक पुस्तिका स्थानीय भाषामा प्रकाशित गर्ने काम भने यसवर्ष समेत हुन सकेन।

## ७. अदालती प्रक्रिया, कार्यविधिको जानकारीमूलक पुस्तिकाको वेभपेजमा अपलोड

लक्षित वर्गका सेवाग्राहीले आफुलाई अन्याय भएको महसुस गरी अदालतसम्म न्यायको पहुँचको अपेक्षा गर्दा प्रक्रियागत अलमल नहोस् भन्नका लागि लक्षित वर्गले बुझ्ने भाषामा अदालती प्रक्रिया तथा कार्यविधिका बारेमा जानकारीमूलक पुस्तिका प्रकाशन र वितरण गर्न समन्वय गर्ने भन्ने यस वर्षको कार्यक्रम रहेकोमा अदालती प्रक्रिया, कार्यविधिका बारेमा जानकारीमूलक पुस्तिका प्रकाशन र वितरण गर्न गत आ.ब.मा सर्वोच्च अदालतका सह रजिष्ट्रार श्री श्रीलाल पौडेलको संयोजकत्वमा मस्यौदा समिति गठन भई लक्षितवर्गका व्यक्तिको आफ्नो कानूनी अधिकारदेखि कानूनी लिखतको तयारी र अदालतका सेवाहरु, लगायत फैसला कार्यान्वयनसम्मको प्रक्रिया र कार्यविधि समावेश गरी सरल भाषामा तयार पारिएको जानकारीमूलक पुस्तिकाको मस्यौदा समेत तयार भै गतबर्षको कार्ययोजना कार्यान्वयन समितिमा पेश भई सो मस्यौदा थप परिमार्जन सहित पारित गर्ने निर्णय भएको र आयोगको वेभपेजमा अपलोड गर्ने गरी यस आ.ब.मा आयोगबाट निर्णय भए बमोजिम सबैको जानकारीका लागि वेभपेजमा अपलोड गरिएको तर सोको प्रकाशन र वितरण गर्ने कार्य भने बाँकी रहेको अवस्था छ।

साथै प्रजनन स्वास्थ्य सम्बन्धी जानकारिमूलक पुस्तिकाको थप परिमार्जन सहित मस्यौदा निर्माण भई प्रकाशन हुन बाँकी रहेको अवस्था रहेको छ।

## ८. न्यायमा पहुँच सम्बन्धी फैसला तथा आदेशहरूको संकलन

सर्वोच्च अदालतबाट भएका फैसलाहरु मध्येबाट लक्षित बर्गको न्यायमा पहुँचसँग सम्बन्धित फैसला तथा आदेशहरू संकलन गरी प्रकाशन गर्ने क्रियाकलाप कार्ययोजनामा रहेको थियो। उक्त क्रियाकलाप कार्यान्वयनको लागि आयोगको सचिवालयबाट २०७६ असारसम्मका

न्यायमा पहुँचसँग सम्बन्धित फैसला तथा आदेशहरूको संकलन गर्ने कार्य सम्पन्न भएको छ। संकलित फैसलाहरुलाई सम्पादन गरी प्रकाशन गर्ने कार्य मात्र बाँकी रहेको छ।

## ९. कानूनी सहायता सम्बन्धी नीतिको कर्यान्वयन स्थिती

न्यायमा पहुँच आयोगको चालु वार्षिक कार्ययोजनामा निःशुल्क कानूनी सहायतालाई एकीकृत र प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने भन्ने व्यवस्था रहेकोमा सर्वोच्च अदालत , न्यायमा पहुँच आयोगको सुझाव समेतलाई समावेश गरी एकीकृत कानूनी सहायता सम्बन्धी नीति, २०७६ नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०९/१४ को निर्णयबाट स्वीकृत भई कानून मन्त्रालयको बेवसाइटमा राखिएको छ।सोही नीतिलाई कार्यान्वयन गर्ने उद्देश्यका साथ कानूनमा छरिएर रहेका निःशुल्क कानूनी सहायता सम्बन्धी प्राबधान तथा अन्य निकायबाट प्रदान गरिने कानूनी सहायतालाई प्रभाबकारी रुपमा लक्षितबर्ग सम्म पुरयाउन सहज हुने गरी एकीकृत कानूनी सहायता सम्बन्धी कानूनको निर्माणको चरणमा रहेको भन्ने बुझिन आएको छ ।

## यस नीतिबाट न्यायमा पहुँचमा भएका उपलब्धिहरु

- असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता उपलब्ध गराउन र कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हकलाई अभिबृद्धि गर्ने किसिमको १५ वटा नीति र १५ वटै रणनीति रहेका छन् ।
- संस्थागत संरचनामा कानून न्याय तथा संसदीय मामिला मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय कानूनी सहायता परिषदमा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार सदस्य रहने व्यवस्था छ।
- कार्यकारी समितिको गठनमा सर्वोच्च अदालतको प्रतिनिधि रहने व्यवस्था छ ।
- प्रत्येक जिल्लामा जिल्ला कानूनी सहायता समिति जिल्ला न्यायाधीशको अध्यक्षता गठन हुने व्यवस्था राखिएको छ ।
- जिल्लास्तरको संगठनमा अदालतको स्रेस्तेदार वा निजले तोकेको अधिकृत सदस्य-सचिव हुने,जिल्ला अदालतमा सचिवालय रहने व्यवस्थाले गर्दा जिल्ला अदालतबाट

नै असमर्थ पक्षलाई निःशुल्क कानूनी सहायता प्राप्त हुने हुँदा न्यायमा पहुँचको सुनिश्चितता हुन सक्ने देखिन्छ।

- निःशुल्क कानूनी सहायता प्रदान गर्ने संयन्त्रबाट निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रमको कार्यान्वयन प्रभावकारी भए नभएको र नीतिको उद्देश्य प्राप्त भए नभएको विषयमा आन्तरिक रुपमा अनुगमन गर्ने कार्यको विषयमा सर्वोच्च अदालतको योजना तथा अनुसन्धान सम्बन्धी विषय हेर्ने महाशाखा समेतले अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ ।
- वर्षको कम्तीमा एकपटक सेवाग्राहीको पृष्ठपोषण सहितको अनुगमन गर्ने कार्यतालिका बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- यस नीतिको कार्यान्वयनको लागि मौजुदा कानूनी सहायता सम्बन्धी ऐन र नियमावलीमा भएको व्यवस्था नीति अनुकुल हुने गरी आवश्यक परिमार्जन गरिनेछ।
- यस नीति कार्यान्वयन गर्न आवश्यक कानूनी पूर्वाधार समेत तयार गरिने व्यवस्था यस नीतिमा रहेकोले नीतिगत रुपमै व्यापक सुधार गरी निःशुल्क कानूनी सहायताको सुनिश्चितता र प्रभावकारिता हुने देखिन्छ ।
- अदालतलाई जिम्मेवार बनाईएको यस नीतिबाट न्यायको खोजी गर्न नसक्ने खास गरी महिला, विपन्न, असहाय, असक्षम जस्ता लक्षित वर्गका व्यक्तिहरूको न्यायसम्मको पहुँच अभिवृद्धि  हुने देखिन्छ।

## १०. स्वेच्छिक निःशुल्क कानूनी सेवा( pro bono ) सम्बन्धी निर्देशिका कार्यान्वयन

स्वेच्छिक निःशुल्क कानूनी सेवा (Pro bono) लाई संस्थागत गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने भन्ने चालु वार्षिक कार्ययोजनाको कार्यक्रम रहेकोमा आयोगबाट आवश्यक समन्वय, सहयोग र सहजीकरणका लागि नेपाल बार एसोसिएसन र सर्वोच्च अदालत बार एशोसिएशनका प्रतिनिधिसमेत सँगको गत आ.ब.मा बैठक बसी आयोगबाट तयार गरिएको स्वेच्छिक निःशुल्क कानूनी सेवा (Pro bono) सम्बन्धी निर्देशिकाको कार्यान्वयन तथा सो सम्बन्धी सेवालाई संस्थागत गर्ने सम्बन्धी निर्णय भएको थियो । नेपाल बार एसोसिएसनले कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गरे बमोजिम स्वेच्छिक निःशुल्क कानूनी सेवा ( pro bono ) सम्बन्धी निर्देशिका मिति २०७६।४।१ देखि लागु भएको , उक्त निर्देशिका नेपाल बार एसोसिएसनको वेभसाइटमा राखिएको , सो समेत उल्लेख गरी नेपाल बार एसोसिएसनका सम्पूर्ण एकाईहरुमा पत्राचार गरी सबै जिल्लाका कानून ब्यबसायीहरुलाई स्वेच्छिक रुपमा अभिलिखित हुन र सेवा प्रदान गर्न अनुरोध गरी पत्राचार समेत भएको छ ।नेपाल बार एशोसिएसनबाट मिति २०७७।४।६ मा स्वेच्छिक निःशुल्क कानूनी सेवा (Pro bono) प्रदान गर्ने केही कानून व्यवसायीहरुको नामावली यस आयोगलाई प्राप्त भईसकेको छ ।

## ११. अन्तरक्रिया कार्यक्रमहरु

न्यायमा पहुँच र सरोकारवाला निकायहरूको भूमिका बिषयक अन्तरक्रिया कार्यक्रमहरु गर्ने कार्ययोजनाको कार्यक्रम बमोजिम प्रदेश नं. १ को बिराटनगरमा अन्तरक्रिया कार्यक्रम भएको थियो ।

**बिराटनगर मिति २०७७।११।१५** मा मोरङ्गको बिराटनगरमा भएको कार्यक्रमको प्रमुख अतिथिको रुपमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कुमार रेग्मी रहनु भएको थियो भने सो कार्यक्रमको अध्यक्षता उच्च अदालत बिराटनगरका माननीय मुख्य न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रममा उच्च अदालत बिराटनगरका माननीय न्यायाधीशहरु, मोरङ्ग जिल्ला अदालतका माननीय न्यायाधिशहरु , उच्च अदालत बिराटनगरका रजिष्ट्रार तथा कर्मचारीहरु,मोरङ्ग जिल्ला समन्वय समितिका प्रमुख,बिराटनगर महानगरपालिकाका उप-प्रमुख,,मोरङ्ग जिल्लाका प्र.जि.अ., प्रहरी बरिष्ठ उपरिक्षक, उच्च

सरकारी वकिल कार्यालयका सह-न्यायाधिवक्ता,विभिन्न नगरपालिका तथा गाउँपालिकाका उपप्रमुखहरु, आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १ का प्रतिनिधि , जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुखहरु र विभिन्न संघ संस्थाका प्रतिनिधि तथा पत्रकारहरुको सक्रिय सहभागिता रहेको थियो । यस कार्यक्रममा **न्यायमा पहुँच अभिबृद्धिका लागि सरोकारवाला निकायको भूमिका** विषयमा उच्च अदालत बिराटनगरका माननीय मुख्य न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठले र **न्यायमा पहुँच अधिबृद्धिका लागि न्यायमा पहुँच आयोगले खेलेको भूमिका** विषयमा सर्वोच्च अदालतका सह-रजिस्ट्रार श्री ममता खनालले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।




*बिराटनगरमा आयोजित* न्यायमा पहुँच र सरोकारवाला निकायहरूको भूमिका बिषयक *अन्तरक्रियामा सम्बोधन गर्नुहुदै मा.न्या.श्री कुमार रेग्मी ।*

*बिराटनगरमा* भएको कार्यक्रमहरुमा देहायका समस्या र सुझावहरु प्राप्त भएका थिएः-

- कुन निकायमा न्याय माग्न जाने र कसरी जाने भन्ने प्रक्रियाको बारेमा थाहा नहुनु, महिला, विपन्न, असक्षम, असहाय व्यक्तिहरुलाई निःशुल्क कानूनी सेवा प्राप्त हुन्छ भन्ने पनि जानकारी नहुनु।
- मुद्दा दर्तादेखि फैसला कार्यान्वयन सम्मको प्रक्रिया झन्झटिलो हुने गरेको।

- फैसला कार्यान्वयन पूर्ण रुपमा हुन नसक्नु, अदालतको फैसला बमोजिम कैद, दण्ड जरिवाना लागेका व्यक्ति खुलेआम हिडिरहेकाले दण्डहीनताको अवस्था रहेको।
- कानून व्यवसायीले लिने फी पारदर्शी नहुनु र अदालती शुल्क लगायतका दस्तुर तिर्न नसक्ने अवस्था रहेको।
- नागरिक अधिकार र सम्पत्तिको अधिकार असक्षम पक्षले उपभोग गर्न नसकेको,
- अज्ञानताका कारण अपराध छिपाउने र सहेर बस्ने प्रवृति रहेको।
- पीडित एवं साक्षीको सुरक्षा र संरक्षणको व्यवस्था नहुनु।
- सामाजिक एवं साँस्कृतिक परिवेशको कारण न्यायमा पहुँच दुरुह रहेको।
- भौगोलिक विकटताले अदालतको पहुँच सहज नभएको।
- निःशुल्क कानूनी सहायता लिने प्रयोजनार्थ सिफारिस माग गर्न जाँदा सम्बन्धित स्थानीय तहबाट सिफारिस दिन विलम्व गर्ने प्रबृत्ति रहेको ।
- पीडितसँग परिचय खुल्ने कुनै पनि कागज नभएका कारण अदालतमा उजुरी /निवेदन (मुद्दा) दर्ता गर्ने प्रक्रिया सहज नभएको।
- प्रहरी कार्यालयमा पीडितमैत्रीमुखी प्रक्रिया अबलम्वन नगर्ने, सोबमोजिमको जनशक्तिको कमि रहेको।
- आम सर्वसाधरणमा न्यायिक निकाय तथा प्रक्रिया प्रतिको नकारात्मक धारणा रहेको।
- आन्तरिक रुपमा लागु गर्ने कार्यविधिगत कुरा पनि न्यायिक निकायहरुका बीच पनि एकरुपता अपनाउन नसकेको अवस्था रहेको।
- समान तथ्य रहेको विवादमा फरक फरक निर्णय हुने गरेकोबाट दुविधा पर्न गएको।
- न्यायपालिकाप्रति गरिने नकारात्मक टिप्पणीबाट सर्वसाधारणमा दुविधा पर्न गएकोले ती समस्याको समाधान हुनुपर्ने, जसबाट  न्यायमा पहुँच बढन सक्ने देखिन्छ ।
- आफ्नो क्षेत्राधिकार भन्दा बाहिरका बिषयमा पनि मेलमिलाप गराउन स्थानीय तहका पदाधिकारी उद्दत हुने गरेको ,
- न्यायीक प्रकृया , कानून , क्षेत्राधिकार लगायतका बिषयमा न्यायीक समितिका पदाधिकारी अलमलमा रहेका ,
- कानूनले तोकेका प्रकृया , ढाँचा , पुरयाउनु पर्ने रीत लगायतका कार्यबिधिगत कुरामा स्थानीय तहले ध्यान पुरयाउन नसकेको ,

➢ राजनीतिक आग्रह पूर्वाग्रहबाट समेत स्थानीय तहका निर्णय प्रभावित हुने गरेका ।



*बिराटनगरमा आयोजित  न्यायमा पहुँच र सरोकारवाला निकायहरूको भूमिका बिषयक अन्तरक्रियामा कार्यपत्र प्रस्तुत  गर्नुहुदै मा.मु .न्या.श्री तिल प्रसाद श्रेष्ठ ।*



*बिराटनगरमा आयोजित  न्यायमा पहुँच र सरोकारवाला निकायहरूको भूमिका बिषयक अन्तरक्रियामा सहभागीहरु ।*

## १२. सेवाग्राहीसँग गर्नुपर्ने व्यबहारका सम्बन्धमा प्रशिक्षण कार्यक्रम

न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत जनशक्तिलाई सेवाग्राहीसँग गर्नुपर्ने व्यबहारका सम्बन्धमा प्रशिक्षण कार्यक्रम संचालन गर्ने कार्यक्रम कार्ययोजनामा रहे बमोजिम मिति २०७७।९।२९ मा उच्च अदालत जनकपुर , अस्थायी इजलाश बीरगञ्ज , मिति २०७७।११।१७ मा तेह्रथुम जिल्ला अदालतमा, प्रशिक्षण कार्यक्रमहरु सम्पन्न भएका थिए । यी कार्यक्रमहरुमा सकारात्मक सोच, सेवाग्राहीसँग गरिने व्यवहार र अदालतहरुमा यसको प्रयोग, प्रभावकारी संचार, सुशासनको अवधारणा र न्यायिक सुशासन कायम गर्न कर्मचारीहरुको भूमिका विषयहरुमा कार्यपत्र प्रस्तुति गरिएको थियो। कार्ययोजना अनुसार अन्य स्थानहरुमा पनि यस प्रकारको कार्यक्रम गर्नुपर्ने योजना भए तापनि कोभिड-१९ को विषम परिस्थितिमा बन्दाबन्दीका कारण बाँकी कार्यक्रमहरु संचालन गर्न सकिएन।



*न्यायिक तथा अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीले सेवाग्राहीसँग गर्नुपर्ने व्यवहारका सम्बन्धमा तेह्रथुममा आयोजित प्रशिक्षण कार्यक्रममा सहजिकरण गर्नुहुदै सहरजिस्ट्रार श्री ममता खनाल ।*

## १३. फैसला कार्यान्वयन सम्बन्धी

लक्षित वर्गको अधिकार सम्बन्धी फैसला, आदेश तथा निर्णयहरुको कार्यान्वयनको स्थिति, समस्या र समाधानका उपायहरुका सम्बन्धमा भएको कार्यप्रगति विवरण सहितको प्रतिवेदन फैसला कार्यान्वयन निर्देशनालयबाट माग गरिएकोमा उक्त कार्यालयबाट मिति २०७६ साल आषाढ मसान्त सम्मका फैसलाको कार्यान्वयनमा देखिएका समस्या र समाधानका विकल्प समेत खुलाई संक्षिप्त प्रतिवेदन प्राप्त भएको थियो । सो प्रतिवेदनमा सर्वोच्च अदालतबाट महत्वपूर्ण निर्देशनात्मक आदेश भएकोमा सो आदेश कार्यान्वयनको सम्बन्धमा देश संघिय संरचनामा गएको अवस्थामा फैसला कार्यान्वयन गर्ने छुट्टै संयन्त्र स्थापना नभएको, सार्वजनिक सरोकारको विवादको निर्णय प्रादेशिक र स्थानीय तह कसले कार्यान्वयन गर्ने भन्ने दुविधा रहेको, फैसला कार्यान्वयन गर्नको लागि दिएको आदेश पालना नगर्नेलाई कारबाही गर्ने अधिकार नभएको, निर्देशनात्मक आदेशहरु कार्यान्वयनको लागि स्वतः फैसला कार्यान्वयन निर्देशनालयमा जाने व्यवस्था नभएको , कतिपय अबस्थामा क्षतिपूर्तीको रेकर्डलाई

ब्यबस्थित गर्न नसकिएको , पीडितहरुलाई क्षतिपूर्ती भराइदिनु पर्ने गरी भएका फैसला अनुसार पीडितहरु लामो समय सम्म पनि क्षतिपूर्ती भराइ पाउँ भनी निबेदन गर्न नआएका , फैसलामा स्पष्ट उल्लेख नभएका कारण के कति र कसरी क्षतिपूर्ती भराउने भन्ने समस्या देखिएको जस्ता समास्याहरु उल्लेख रहेको देखिएको छ।

## १४. परिपत्र सम्बन्धमा

कार्ययोजना बमोजिम न्यायमा पहुँच आयोगको सचिवालयबाट देहायका विषयहरुमा मातहत अदालतहरुलाई परिपत्र गरिएको थियोः-

- सेवाग्राहीहरूलाई अदालतबाट प्रदान हुने सेवा सुविधा सम्बन्धमा आबश्यक जानकारी उपलब्ध गराउन सूचना तथा सहायता कक्षलाई ब्यबस्थित बनाइ दक्ष जनशक्तिद्धारा मासिक रुपमा तोकिएको ढाँचामा सूचना प्रबिष्ट गरी अभिलेख राख्ने ब्यबस्था मिलाउने।
- दोभाषे सेवा प्रदान गर्ने प्रयोजनका लागि सूचिकृत ब्यक्तिहरुको बिबरण निरन्तर रुपमा अद्दाबधिक गरी सूचिकृत ब्यक्तिहरुले प्रदान गरेका सेवाहरुको यथार्थ बिबरण दोभाषे प्रयोग सम्बन्धी निर्देशिका , २०७२ को अनुसुचि ४ बमोजिमको ढाँचामा प्रबिष्ट गरी राख्ने ब्यबस्था मिलाउने ।
- एक घण्टाभित्र प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन आवश्यक ब्यबस्थापन , समन्वय र अनुगमन गरी ति सेवाहरुको सूचि फ्लेक्स प्रिन्टमा तयार पारी अदालतको प्रबेशद्धार तथा सेवाग्रहीले प्रत्यक्ष देख्ने स्थानमा राख्ने ब्यबस्था मिलाउने ।
- अदालत परिसरमा टि.भि. डिस्प्ले/माइक वा रेकर्डेड श्रब्य सामाग्री मार्फत अदालतबाट प्रदान गरिने सेवाहरुका बारेमा सेवाग्राहीहरुका लागि जानकारी दिने आबश्यक व्यवस्था मिलाउने ।
- निःशुल्क रुपमा प्रयोग गरिने बिभिन्न लिखतका ढाँचाहरु ( Templets ) आबश्यकता अनुसार बितरण गर्ने र असक्षम पक्षलाई भर्न सहयोग गर्ने साथै सो कार्यको अभिलेख राख्ने ब्यबस्था मिलाउने ।
- बैतनिक कानून ब्यबसायीको बिबरण बेभसाइटमा प्रबिष्ट गर्ने ब्यबस्था मिलाउने

**१५.वैतनिक कानून व्यवसायीहरुको भूमिका अभिवृद्धि सम्बन्धी राष्ट्रिय कार्यशालाको तयारी बैठकहरु र जानकारीमुलक पुस्तिकाहरू (leaflets) को प्रकाशन र बितरण सम्बन्धी बैठकहरु सम्पन्न**

निःशुल्क कानूनी सहायतालाई प्रभाबकारि रुपमा उपलब्ध गराउने र त्यसलाई स्थायी संयन्त्रको रुपमा रुपान्तरण गरी लक्षित बर्गमा कसरी पुरयाउन सकिन्छ भन्नका लागि बिचार बिमर्श गरि ठोस निष्कर्षमा पुरयाउन पहिलो पटक **वैतनिक कानून व्यवसायीहरुको भूमिका अभिवृद्धि सम्बन्धी राष्ट्रिय कार्यशाला भर्चुअल माध्यमबाट** आयोजना गर्ने भन्ने निर्णय भएको थियो । सो निर्णय बमोजिम कार्यशालाको तयारी र सम्पन्न गर्ने उद्देश्यका साथ यस आर्थिक बर्षमा बिभिन्न मितिमा बिभिन्न पदाधिकारीहरु समेतको उपस्थितीमा थप ७ वटा बैठकहरु सम्पन्न भएका छन्। उल्लेखित बैठकहरुले कार्यशालालाई व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि बिभिन्न निर्णय गरेको थियो। त्यसै गरी बिगतमा प्रकाशन भएकै ढाँचा र मोडेलमा थप परिमार्जन सहित १० प्रकारका जानकारीमुलक पुस्तिकाहरु (leaflets) थप प्रतिहरु प्रकाशन गर्ने र ब्यबस्थित र प्रभाबकारी रुपमा बितरण गर्ने उद्देश्यका साथ थप २ वटा बैठकहरु सम्पन्न भएका छन ।

**१६. वैतनिक कानून व्यवसायीहरुको भूमिका अभिवृद्धि सम्बन्धी राष्ट्रिय कार्यशाला"**

सर्वोच्च अदालत,न्यायमा पहुँच आयोगद्धारा नेपालका सबै अदालतहरुमा कार्यरत बैतनिक वकिलहरुलाई लक्षित गरी भर्चुअल माध्यम मार्फत आयोजित **वैतनिक कानून व्यवसायीहरुको भूमिका अभिवृद्धि सम्बन्धी** दुई दिवशीय **राष्ट्रिय कार्यशाला** मिति २०७८/३/१३ र ऐ.१४ मा सर्वोच्च अदालतमा बृहत तथा भब्य रुपमा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा न्यायमा पहुँच आयोगका सदस्य तथा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कुमार रेग्मीको अध्यक्षता एवं न्यायमा पहुँच आयोगका सदस्य तथा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री लाल बहादुर कुंवर , नेपाल सरकार कानून , न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव तथा न्यायमा पहुँच आयोगका सदस्य श्री उदयराज सापकोटा , सर्वोच्च अदालतका रजिष्ट्रार श्री नारायण प्रसाद पन्थी , आयोगका सदस्य सचिव तथा सर्वोच्च अदालतका रजिष्ट्रार श्री निर्मला पौडेल , नायब महान्यायाधिवक्ता श्री बिश्वराज कोइराला , आयोगका सदस्य तथा नेपाल बार एसोसिएसनका अध्यक्ष एवं बरिष्ठ अधिबक्ता श्री चण्डेश्वर श्रेष्ठ , सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष एवं बरिष्ठ अधिबक्ता श्री पूर्णमान शाक्य , उच्च अदालतमा कार्यरत रजिष्ट्रारहरु , जिल्ला अदालतहरुमा कार्यरत स्रेस्तेदारहरु तथा सबै

अदालतहरुमा कार्यरत बैतनिक वकिलहरुको भर्चुअल उपस्थिती तथा सहभागितामा सम्पन्न भएको थियो । सर्वोच्च अदालतका सह-रजिस्ट्रार श्री बिमल पौडेलले भर्चुअल माध्यमबाट जोडिनु भएका अतिथिहरु तथा सहभागिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो । सो कार्यक्रमलाई उद्धाटन सत्र , कार्यपत्र प्रस्तुति सत्र , छलफल सत्र तथा समापन सत्र गरि ४ भागमा बिभाजित गरी सम्पन्न गरिएको थियो । सर्वोच्च अदालतका शाखा अधिकृत श्री पुजा सुबेदिले कार्यक्रम संचालन गर्नुभएको उक्त कार्यशालामा सर्वोच्च अदालतका सह रजिस्ट्रार श्री बिमल पौडेल , सह-रजिष्ट्रार श्री बाबुराम दाहाल , सह-रजिष्ट्रार श्री नारायण प्रसाद रेग्मी र सह-रजिष्ट्रार श्री हरिराज कार्कीले कार्यपत्रहरु प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्र प्रस्तुतिहरुको चरणको अध्यक्षता क्रमशः सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कुमार रेग्मि , सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री लाल बहादुर कुंवर , सर्वोच्च अदालतका रजिष्ट्रार श्री नारायण प्रसाद पन्थी र सर्वोच्च अदालतका रजिष्ट्रार श्री निर्मला पौडेलले गर्नु भएको थियो । यसै गरी कार्यक्रममा टिप्पणीकर्ताको रुपमा क्रमशः सर्वोच्च अदालत बार एसोसिएसनका अध्यक्ष एवं बरिष्ठ अधिबक्ता श्री पुर्णमान शाक्य , कानून , न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिब श्री उदयराज सापकोटा ,नेपाल बार एसोसिएसनका अध्यक्ष एवं बरिष्ठ अधिबक्ता श्री चण्डेश्वर श्रेष्ठ र नायब महान्यायाधिवक्ता श्री बिश्वराज कोइराला रहनु भएको थियो । छलफल सत्रको अध्यक्षता तथा संयोजन सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री लाल बहादुर कुवंरले गर्नु भै उक्त छलफलमा उठेका प्रश्नहरुको सम्बोधन गर्नु भएको थियो ।

प्रस्तुत कार्यशालाबाट देहाय बमोजिमका १५ बुँदे प्रस्ताब पारित गर्दे दुइदिने कार्यशाला समापन भएको थियो ।

१. अदालतहरुबाट उपलव्ध हुँदै आएको वैतनिक कानून व्यवसायीको सेवाको बारेमा आम रुपमा सूसुचित गर्नु यस सेवाको प्रभावकारिताको पूर्वशर्त रहेको हुँदा अदालत, सरोकारवाला एवम् वैतनिक कानून व्यवसायीमार्फत आम रुपमा सूचना प्रवाह गर्न समुदायमा वैतनिक कानून व्यवसायी, वैतनिक कानून व्यवसायी भेला लगायतका कार्यक्रम संचालन गर्नुका अतिरिक्त संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने।

२. वैतनिक कानून व्यवसायीको सेवाको गुणस्तरीयता र प्रभावकारीताको लागी योग्य व्यक्तिको नियुक्ति नै प्रमुख आधारको रुपमा हुने हुँदा वैतनिक कानून व्यवसायीको नियुक्तिलाई निष्पक्ष र थप प्रभावकारी बनाउन नेपाल बार एशोसिएसन तथा सम्बद्ध बार इकाईहरुसँगको समन्वयमा आवश्यक उपायहरुको पहिचान गरी कार्यान्वयन गर्ने।

३. वैतनिक कानून व्यवसायीको सेवाको प्रभावकारिताको लागि वैतनिक कानून व्यवसायीको क्षमता अभिवृद्धि गर्नु पर्ने कुरालाई मनन् गर्दै वैतनिक कानून व्यवसायीका लागि आधारभूत एवम् पुर्नताजागी लगायतका प्रशिक्षण कार्यक्रमहरु आवधिक रुपमा संचालन गर्ने।

४. वैतनिक कानून व्यवसायीको संस्थागत विकास एवम् कार्यानुकूलको बातावरण तयार गर्न उपयुक्त भौतिक पूर्वाधार तथा आधारभूत सुविधा उपलब्ध हुनु अपहरिहार्य भएकोले त्यसका लागि आवश्यक पर्ने साधन स्रोतको व्यवस्थापन गर्न नेपाल सरकार लगायत सम्बद्ध निकायहरुसँग आवश्यक समन्वय र पहलकदमी गर्ने।

५. वैतनिक कानून व्यवसायीलाई तोकिएको काम, कर्तव्य र जिम्मेवारी प्रभावकारी ढंगबाट सम्पादन गर्न र वैतनिक कानून व्यवसायीको व्यावसायीकता विकासको लागि निरन्तर अध्ययनशील रहने, लगनशील र मेहनतका साथ आफ्नो जिम्मेवारीप्रति पूर्ण प्रतिबद्ध रही क्रियाशील रहने, मुद्दाको बहस पैरवीका लागि पर्याप्त तयारी गर्ने, मुद्दाका मिसिल कागजातहरु समयमै प्राप्त गर्नको लागि समन्वय गर्ने लगायत पक्षको तर्फबाट प्रभावकारी प्रतिनिधित्वको लागि सक्रियतापूर्वक क्रियाशील रहने।

६. कानूनी सहायताको उद्देश्य र मर्म अनुरुप मुद्दा दायर हुनुपूर्वको कानूनी सहायता (Pre-litigation legal aid) एवम् मुद्दा फैसलापछिको कानूनी सहायता (Post litigation legal aid) को तहसम्म वैतनिक कानून व्यवसायीको सेवा विस्तार गर्ने, मेलमिलाप हुन सक्ने मुद्दामा मेलमिलापको प्रर्वधन गर्ने लगायत सेवाग्राहीहरुको सेवा सुविधा सम्बन्धी कार्यहरुमा वैतनिक कानून व्यवसायीलाई आवश्यकता अनुसार परिचालन गर्दै जाने।

७. अदालतहरुको कार्यवोझ एकै किसिमको नरहेकोले खासगरी कम मुद्दा संख्या भएका अदालतहरुमा वैतनिक कानून व्यवसायीको पूर्ण परिचालन वा उपयोग हुन नसकेको र वैतनिक कानून व्यवसायीले समेत कार्य गर्ने पर्याप्त अबसर प्राप्त गर्न नसेकेको अवस्थालाई दृष्टिगत गरी कार्यवोझ कम भएका अदालतमा कार्यरत वैतनिक कानून व्यवसायीलाई आफू कार्यरत अदालतको कार्यमा कुनै अवरोध नआउने गरी वैतनिक कानून व्यवसायीको कार्यवोझ बढी भएका अदालतमा समेत कार्य गर्न सक्ने गरी आवश्यक व्यवस्थापन र परिचालन गर्ने उपायहरुको पहिचान गरी कार्यान्वयन गर्ने।

८. वैतनिक कानून व्यवसायीले कानून व्यवसायीले प्रचलित कानूनबमोजिम पालना गर्नुपर्ने आचरणका अतिरिक्त वैतनिक कानून व्यवसायीको आचरण र अनुशासनका सम्बन्धमा गरिएका व्यवस्थाहरुको प्रभावकारी रुपमा पालना गर्ने गराउने।

९. वैतनिक कानून व्यवसायीले आफ्नो काम, कर्तव्य र जिम्मेवारी पूरा गर्ने सन्दर्भमा पक्षहरुसँग आवश्यक सम्पर्क, समन्वय गरी परामर्श दिने, मुद्दाको काम कारवाही अवस्थाको बारेमा जानकारी गराउने लगायत पक्षहरुको सन्तुष्टी अभिवृद्धिका लागि प्रतिबद्ध र निरन्तर क्रियाशील रहने।

१०. वैतनिक कानून व्यवसायीको रुपमा जिम्मेवारी प्रारम्भ गर्नु पूर्व वैतनिक कानून व्यवसायीको काम, कर्तव्य र जिम्मेवारीका बारेमा सम्बन्धित अदालतले स्पष्ट निर्देशन र मार्गदर्शन गर्ने, आवश्यक समन्वय र सहजिकरण गर्ने तथा वैतनिक कानून व्यवसायीको सेवाको आवधिक रुपमा अनुगमन र मूल्याङ्कन गर्ने।

११. वैतनिक कानून व्यवसायीको सेवा पूर्णकालीन रहेको, वैतनिक कानून व्यवसायीबाट उपलब्ध गराइएको सेवा विस्तारित हुँदै गएको अवस्थालाई मध्यनजर गर्दै वैतनिक कानून व्यवसायीले प्राप्त गर्ने सेवा सुविधा बढाउने, उत्प्रेरणा अभिवृद्धिका उपायहरुको खोजी गर्ने र यस सेवालाई वृत्तिविकाससँग आबद्ध गर्ने उपयुक्त विकल्पहरुको पहिचान गरी कार्यान्वयन गर्दै जाने।

१२. वैतनिक कानून व्यवसायीले सम्पादन गर्ने कार्यको हालको प्रतिवेदन प्रणालीलाई थप वस्तुनिष्ठ र वैज्ञानिक बनाउने। प्रतिवेदनमा औंल्याइएका सुझावहरुको

कार्यान्वयन गर्ने प्रणालीको विकास गर्ने। वैतनिक कानून व्यवसायीले प्रदान गरेको सेवाको बारेमा सेवाग्राहीहरुको सन्तुष्टी सर्वेक्षण गरी आवश्यक सुधार गर्दै जाने।

१३. वैतनिक कानून व्यवसायीको सेवालाई प्रभावकारी बनाई कानूनी सहायता सम्बन्धी संवैधानिक एवम् कानूनी अधिकार र दायित्वहरुको व्यवहारिक कार्यान्वयनका सम्बन्धमा यसका सरोकारवालाहरुबीचको आपसी सम्बन्ध, समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने।

१४. वैतनिक कानून व्यवसायीहरुबीच एक आपसमा प्रभावकारी समन्वय गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनको लागि सबै अदालतहरुमा कार्यरत वैतनिक कानून व्यवसायीहरुको साझा फोरम विकास गर्ने । साथै, उच्च अदालत तहमा उच्च अदालत र सो मातहतका जिल्ला अदालतहरुमा कार्यरत वैतनिक कानून व्यवसायीहरुको पनि साझा फोरम तयार गरी आवश्यक समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने।

१५. यसै प्रकारका कार्यशाला एवम छलफल कार्यक्रमहरु आवधिक रुपमा गर्ने।

सर्वोच्च अदालत , न्यायमा पहुँच आयोगबाट आयोजित उक्त कार्यशालाबाट पारित प्रस्तुत महत्वपूर्ण दस्तावेजलाई समयानुकुल रुपमा सरोकारवाला सबैले प्रभावकारी र प्राथमिकताका साथ समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता समेत व्यक्त भएको थियो।




*वैतनिक कानून व्यवसायीहरुको भूमिका अभिवृद्धि सम्बन्धी राष्ट्रिय कार्यशालामा सम्बोधन गर्नुहुदै मा.न्या.श्री कुमार रेग्मी*




*वैतनिक कानून व्यवसायीहरुको भूमिका अभिवृद्धि सम्बन्धी राष्ट्रिय कार्यशालामा भर्चुअल सहभागिहरु*

## १७. कार्ययोजना कार्यान्वयन सम्बन्धमा

यो आर्थिक बर्षको कार्ययोजनमा समावेश गरिएका कतिपय कार्यक्रमहरू सम्पन्न भएका , कतिपय कार्यक्रमहरु भौतिक उपस्थितीमा नै सम्पन्न भएका छन । अन्य कतिपय कार्यक्रम भर्चुअल माध्यमबाट नै सम्पन्न भएका छन ।अन्य निकायहरुसँगको सहकार्य र समन्वयबाट

मात्र सम्पन्न हुने प्रकृतिका देखिएकोमा कोभिड-१९ को विश्वव्यापी महामारीका कारण ती निकायहरुसंगको प्रभावकारी समन्वय र सहयोग एवं सरोकारका कार्यहरु सम्पादन हुन नसक्दा कार्ययोजना प्रभावित हुन पुगेका छन् । कतिपय कार्यक्रमहरूको सञ्चालन तथा सम्पन्न गर्नको लागि स्रोत साधनको सीमितता रहेको छ भने वर्षको अन्तिममा सम्पन्न गर्ने गरी कार्यतालिका बनाइएका कार्यक्रमहरु पनि कोभिड-१९ को विश्वव्यापी महामारीका कारण सम्पन्न गर्न सकिएन। वार्षिक कार्ययोजना कार्यन्वयनका क्रममा भोगेका समस्याहरु दोहोरिन नदिन आगामी कार्ययोजना कार्यान्वयनको क्रममा विशेष ध्यान दिइनेछ। कार्ययोजना बमोजिमको कामको समिक्षाबाट आगामी योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सघाउ पुऱ्याउने विश्वास लिइएको छ ।

# परिच्छेद- चार

## विद्यमान समस्या र आगामी कार्ययोजनाको प्रस्ताव

सर्वोच्च अदालतमा न्यायमा पहुँच आयोगको स्थापना भई काम भईरहेको वर्तमान सन्दर्भमा न्यायमा पहुँचका समस्या र चुनौतीहरु पनि पहिचान भएका छन्। अदालतको एकल प्रयासबाट मात्र ती सबै समस्याहरुको समाधान संभव छैन। तथापी तीनको समाधानका लागि आयोगको तर्फबाट आवश्यक पहल एवं सक्रियता बढाइएको छ। ती मुलभूत समस्याहरु र तीनको समाधानका लागि अबका दिनमा अवलम्वन गर्नुपर्ने उपाय तथा चाल्नु पर्ने कदमहरु सहितको कार्ययोजनाको प्रस्तावनालाई देहायबमोजिम प्रस्तुत गरिएको छ।

**विद्यमान समस्याहरु**

- न्यायमा पहुँचका लागि स्पष्ट तथा एकीकृत केन्द्रीय नीति बन्न नसकेको।
- लक्षित वर्गको न्यायमा पहुँचका लागि आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, कानुनी एवं प्रक्रियागत अबरोधहरु रहेका।
- लक्षित वर्गमैत्री संस्कार, व्यवहार एवं संरचना निर्माण हुन नसकेको।
- राज्यको सेवा प्रवाहमा सबैको लागि समान, समन्यायिक र समानुपातिक अवसर एवं सुविधाहरु प्राप्त हुन नसकेको।
- अपराध पीडितको सुरक्षा, अधिकारको संरक्षण तथा उचीत राहत एवं क्षतिपूर्तिको व्यवस्था प्रभावकारी हुन नसकेको,
- जनमानसमा राज्यका न्याय प्रदायक तथा अन्य निकायहरुप्रतिको दृष्टिकोण नकारात्मक हुँदै गएको।
- न्याय खर्चिलो तथा ढिलो भएको र गुणस्तरीय एवं प्रभावकारी हुन नसकेको गुनासो सुनिएको।
- सरकारी निकायहरुको बीचमा आपसी सहयोग, समन्वय र सहकार्यको अभाव रहेको।

- निर्णय तथा फैसला कार्यान्वयन प्रभावकारी हुन नसकेको।

**आगामी कार्ययोजनाको प्रस्ताव**

- न्यायमा पहुँचको स्थिती  र अवरोधक तत्वहरुको पहिचान भएको सन्दर्भमा सोको प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्नु गर्ने।
- नागरिकका हक तथा अधिकारको उपयोग र प्रचलनका लागि आवश्यक सूचना तथा सञ्चार, सचेतनता, प्रशिक्षण, अभिमुखीकरण र सशक्तिकरणको कार्यक्रमलाई थप प्रभावकारी बनाउनु पर्ने।
- निःशुल्क कानूनी सहायतालाई एकीकृत, व्यवस्थित, गुणस्तरीय र प्रभावकारी ढंगले सञ्चालन गर्न आवश्यक समन्वय/सहजीकरण गर्ने ।
- लक्षित वर्गहरुको न्यायमा सहज पहुँचका निम्ति आवश्यक कानुनी प्रबन्ध एवं संरचना निर्माणमा आवश्यक समन्वय र सहजिकरण गर्ने
- पीडितको सुरक्षा र संरक्षण गर्ने, साथै राहत, पुनर्स्थापना र क्षतिपूर्तिको व्यवस्थालाई प्रभावकारी बनाउने।
- अदालती प्रक्रिया एवं फैसला/आदेश कार्यान्वयनलाई छिटो, छरितो, सरल, सहज, अनुमानयोग्य, पारदर्शी, गुणस्तरीय र प्रभावकारी बनाउने।
- अदालत वा अन्य सरोकारवाला निकायका भौतिक संरचना, सुबिधाहरु तथा व्यवस्थापकीय प्रबन्धहरुलाई सेवाग्राहिमैत्री, बालमैत्री, महिलामैत्री एवं अपाङ्गमैत्री बनाउने।
- जानकारीमुलक पुस्तिका स्थानीय भाषामा प्रकाशन/समन्वय गर्ने।
- अदालत परिसरमा टिभि डिस्प्ले/ माइक मार्फत अदालतबाट प्रदान गरिने सेवाका बारेमा जानकारी दिने व्यवस्था मिलाउन समन्वय गर्ने ।
- प्रजनन स्वास्थ्य सम्बन्धी तथा अदालती प्रक्रिया, कार्यविधि सम्बन्धी जानकारीमुलक पुस्तिका प्रकाशन र वितरण गर्ने।
- न्यायमा पहुँच सम्बन्धी फैसला तथा आदेशहरुको प्रकाशन गर्ने ।
- लक्षितबर्गका ब्यक्तिका हकअधिकार ,कानूनी ब्यबस्था , कार्यबिधि तथा सशक्तीकरणका सम्बन्धमा सरोकारवाला निकायहरुसंग केन्द्र,प्रदेश र स्थानीय तहमा अन्तरक्रिया गर्ने , समन्वय गर्ने ।

- लक्षित वर्गहरु तथा पीडितको पक्षमा भएका अन्तरिम राहत, संरक्षण र पुनःस्थापना लगायतका अन्य आदेश तथा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय र अनुगमन गर्ने।
- अदालत अबलोकन गर्न आउने व्यक्तिहरुका लागि सामान्य परिचय , सम्पादन गर्ने कार्य र कार्य कक्ष समेतको जानकारी समावेश भएको श्रब्यदृश्य सामाग्री निर्माण गरी अबलोकन कक्षबाट प्रशारण गर्ने ।
- मुद्दाको पक्षलाई पायक पर्ने अदालतबाट बिद्दुतीय माध्यम ( online ) बाट तारेख उपलब्ध गराउने प्रणालीलाई प्रभावकारी बनाइ बिस्तार गर्ने ।